# चौविसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा

कोशी प्रदेश,नेपाल


प.सं.:- ०८३।०८४
च.नं.:

मितिः २०८३।०४।२०

**<u>सहकारी संस्थाका प्रतिनिधिहरूलाई तालिममा सहभागिताका लागि नामावली पेश गर्ने सम्बन्धी सूचना</u>**

कोशी प्रदेश सरकार, उद्योग, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयबाट प्राप्त पत्रानुसार आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने विभिन्न सहकारीसम्बन्धी तालिम कार्यक्रमका लागि चौबिसे गाउँपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरूबाट इच्छुक सहभागीहरूको विवरण माग गरिएको हुँदा यस गाउँपालिका अन्तर्गत दर्ता भई सञ्चालनमा रहेका सम्पूर्ण सहकारी संस्थाहरूलाई देहायबमोजिमको तालिममा सहभागी हुन इच्छुक प्रतिनिधिको नामावली उपलब्ध गराउन अनुरोध गरिन्छ।

**सञ्चालन हुने तालिमहरूः**

1. कोपोमिस सञ्चालन सम्बन्धी तालिम — ३ दिन
2. सहकारी व्यवस्थापन तालिम — ५ दिन
3. आधारभूत सहकारी लेखापालन तालिम — ५ दिन
4. ऐन, नियम तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तालिम — ६ दिन
5. अभिलेख व्यवस्थापन तथा पर्ल्स अनुगमन तालिम — ५ दिन

नामावली पेश गर्ने अन्तिम मितिः २०८३।०४।२८
पेश गर्ने स्थानः चौबिसे गाउँपालिका,
निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक विवरणः

- सहकारी संस्थाको नाम
- सहभागीको नाम, पद र सम्पर्क नम्बर
- सहभागी हुन चाहेको तालिमको नाम

थप जानकारीका लागि सरोज भट्टराई सम्पर्क नं.९८४२९३२०३०।

.................

गणेश बहादुर गुर्धामी
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत